# बगनासकाली गाउँपालिका
# बाल राहत, उद्दार तथा पूर्नस्थापना कोष कार्यविधि २०७६

स्वीकृत मितिः २०७६।१०।२८

प्रस्तावना :

बगनासकाली गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोवास गर्ने १८ वर्ष मुनीका विपन्न, अभिभावकविहिन तथा समस्यामा परेका बालबालिकाहरुको राहत, उद्दार तथा पुनर्स्थापना गर्नको लागि बाल राहत कोष परिचालन गर्नका लागी बगनासकाली गाउँपालिकाको कार्यपालिकाको मिति २०७६।१०।२८ मा यो कार्यविधि स्विकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "**बाल राहत उद्दार तथा पूर्नस्थापना कोष २०७६**" रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मिति बाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **कार्यालय** भन्नाले बगनासकाली गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) **अध्यक्ष** भन्नाले बगनासकाली बगनासकाली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) **उपाध्यक्ष** भन्नाले बगनासकाली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले बगनासकाली गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **बाल सञ्जाल संयोजक** भन्नाले बगनासकाली गाउँपालिका स्तरिय बाल सञ्जालको संयोजकलाई सम्झनु पर्दछ ।

च) **लेखा प्रमुख** भन्नाले बगनासकाली गाउँपालिकाको आर्थिक प्रशासन ईकाइको प्रमुखलाई सम्झनु पर्दछ ।

छ) **फोकल पर्सन** भन्नाले बालमैत्री स्थानीय शासन सम्बन्धि कार्यगर्न कार्यालयले तोकेको कर्मचारी सम्झनु पर्दछ ।

ज) **वडा कार्यालय** भन्नाले बगनासकाली गाउँपालिका भित्रका सवै वडाहरुलाई सम्झनु पर्दछ ।

झ) **समिति** भन्नाले यसै कार्यविधि अनुसार गठित समिति सम्झनु पर्दछ ।

ञ) **कोष** भन्नाले बगनासकाली गाउँपालिकाको बाल राहत,उद्दार तथा पूर्नस्थापना कोष २०७६ सम्झनु पर्दछ ।

**३. कार्यविधि लागु हुने क्षेत्र र सेवा :**

क) यस गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा वसोवास गर्ने बालबालिकाहरुको राहत तथा उद्दार, पुनर्स्थापना गर्नुपरेमा  कोषको अवस्था हेरी सहयोग गर्ने ।

ख) सहयोग प्रदान गर्दा वडा स्तरिय बाल सञ्जाल र वडा कार्यालयको सिफारिस तथा कोष परिचालन समितिको सिफारिसमा गरीनेछ ।

ग) सहयोग माग गर्ने बालबालिका बगनासकालीका स्थायी बासिन्दा भएको हुनु पर्नेछ ।

घ) सहयोग रकम जम्मा गर्न चाहने जुनसुकै व्यक्ति संघ संस्थाले गर्न सक्ने छ ।

**४. कोष परिचालन समितिः**

क) वडा स्तरिय बाल सञ्जालको सिफारिसमा वडा कार्यलयले कोष परिचालन समितिलाई आवश्यक विवरण खुलाई सिफारिस गर्नु पर्नेछ ।

ख) समितिले आवश्यकता, औचित्य र कोषको अवस्था हेरी सहयोग वितरणका लागी गाउँपालिकालाई सिफारिस गर्नेछ ।

ग) कोष परिचालन, व्यबस्थापन तथा सहजिकरणका लागी देहाय बमोजिमको समिति रहनेछ ।

संयोजक - उपाध्यक्ष बगनासकाली गाउँपालिका

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य- आर्थिक प्रशासन इकाई प्रमुख

सदस्य- बाल सञ्जालको गाउँपालिकास्तरिय अध्यक्ष

सदस्य सचिव- फोकल पर्सन बालमैत्री स्थानीय शासन कार्यक्रम वनासकाली गाउँपालिका

समितिले कागजात र अवस्थाको अध्ययन गरी के कति सहयोग गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

**५. बिविधः**

(क)यस कार्यविधि कार्यान्वयनका क्रममा थप व्यबस्था गर्नु परेमा गाउँपालिकाको ऐन कानून तथा प्रचलित कानून नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) यस कार्यविधिलाई आवश्यक संशोधन, परिमार्जन वा खारेज गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।